नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाण्डौं

मितिः २०८३।०८।११

व्यक्तिगत श्रम स्वीकृति सम्बन्धी सूचना

वैदेशिक रोजगारीमा कामदार पठाउन इजाजतप्राप्त संस्थाहरुले व्यक्तिगत श्रम स्वीकृति गराई वैदेशिक रोजगारीमा कामदार पठाउन नपाउने व्यवस्था वैदेशिक रोजगार ऐन, २०६४ दफा २१ को उपदफा (३) मा रहेको छ। यस विभागबाट इजाजतप्राप्त संस्थाहरुले ऐनमा रहेको प्रावधान विपरित व्यक्तिगत श्रम स्वीकृति गराई कामदार विदेश पठाउने कार्य गरेको पाइएमा हदै सम्मको कार्वाही हुने व्यहोरा सूचित गरिन्छ।

साथै, वैदेशिक रोजगारीमा युरोप लगायतका देशमा यस विभागबाट इजाजतप्राप्त संस्था (म्यानपावर कम्पनी)हरु मार्फत जाँदा उक्त संस्थाले सम्बन्धित देशमा कामदार पठाउन पूर्व स्वीकृति लिए नलिएको एकिन गर्नुहुन तथा व्यक्तिगत श्रम स्वीकृति गराई कुनै म्यानपावर कम्पनी, संस्था, कन्सल्टेन्सी वा व्यक्तिले विदेश पठाउँछु भनी वा यस्तो कार्य गर्दछु, गराउँछु भनी आर्थिक कारोवार गर्न खोजेमा यस विभागलाई सूचित गर्नुहुन समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ। सुचनादाताको विवरण पूर्ण रुपमा गोप्य राखिनेछ ।

तपसिल

विभागको फोन नं.: ०१-५९०७६५९

मोबाइल नं.: ९७४३२३३४८४

इमेलः info@dofe.gov.np